# पवित्रस्थानबाट प्रकाश




मे २५, २०२४को निम्ति अध्याय ८



"हामी के भन्दै छौँ त्यसको सार यो हो हाम्रा प्रधान पूजाहारी हुनुहुन्छ। उहाँ स्वर्गमा परमेश्वरको सिंहासनको दाहिनेपट्टि बस्नु भएको छ। उहाँ परमपवित्र स्थानमा सेवा गर्नुहुन्छ। मानिसले होइन, परमेश्वरले बनाउनुभएको सत्य मन्दिरमा सेवा गर्नुहुन्छ।" हिब्रू ८:१,२।

जब ७० हप्ता र २३०० दिनका भविष्यवाणीहरूले देखाएको अनुसार येशू फर्कनुभएन तब भविष्यवाणीहरूको बारेमा फेरि सोच्ने बेला भएको थियो। जब विश्वासीहरूले फेरि खोजनीति गरेर पढे तब तिनीहरूले यो भेट्टाए:




पवित्र स्थानको शुद्धिकरणको अर्थ येशूको दोस्रो आगमन थिएन। यदि दानिएल ८:१४ र दानिएल ७:९-१०मा घोषणा गरिएको न्याय एउटै भएको थियो भने कुन पवित्रस्थान शुद्धिकरण गर्नुपरेको थियो? र १८४४मा के सुरु भयो त?

- **सक्कली पवित्रस्थान।**
- **शुद्धिकरण**
- **न्याय।**
- **दया र न्याय।**
- **अधिवक्ता र मध्यस्थकर्ता.**

# सक्कली पवित्रस्थान

"मानिसले होइन तर प्रभुले स्थापना गर्नुभएको सकल पवित्रस्थानमा सेवाकार्य गर्नुहुन्छ" (हिब्रू ८:२)।

## यदि शुद्धिकरण गर्ने यो पृथ्वी होइन भने अरू के त?

जब १८४४मा एडभेन्टिस्टहरू निराशमा परेका थिए तब तिनीहरू फेरि गहिरिएर बाइबल अध्ययन गर्दा दुई पवित्रस्थानहरू भएको तिनीहरूले भेट्टाए।





पृथ्वीमा भएको पवित्रस्थान स्वर्गमा भएको सकल पवित्र स्थानको छायाँ थियो (हिब्रू ८:५)

स्वर्गमा भएको पवित्रस्थान परमेश्वर आफैले स्थापना गर्नुभएको थियो (हिब्रू ८:२)

पृथ्वीमा भएको पहिलो पवित्रस्थानको अस्तित्व सन ७०मा समाप्त भएको थियो। परमेश्वरले मोशालाई यस पृथ्वीमा बनाउने पवित्रस्थानको नमुना देखाउनुभएको थियो (प्रस्थान २५:४०)। स्वर्गमा भएको पवित्रस्थानको सही थुमा र प्रधानपूजारी येशू हुनुहुन्थ्यो (यूहन्ना १:३६; हिब्रू ४:१४)।



जब येशू यस संसारमा आउनुभयो तब उहाँले हाम्रो पापको दोष मेटाउन बलि हुनुभएको थियो (रोमी ५:८); अब उहाँले हामीलाई पापको दमनबाट स्वतन्त्र पार्न स्वर्गमा हाम्रो निम्ति बिन्ति चढाइरहनुहुन्छ। हामीले मुक्ति प्राप्त गर्न उहाँले अर्पिल गरिरहनुहुन्छ (हिब्रू ७:२५)।



# पवित्रस्थानको शुद्धिकरण





"'यसरी हारूनले महा पवित्रस्थान शुद्ध पार्ने काम गर्छ। इस्राएलका मानिसहरूलाई शुद्ध पार्न हारूनले यी सब कार्य गर्नु पर्छ। तिनीहरूले धेरै पापहरू गर्छन् र तिनले भेट हुने पालको निम्ति पनि यस्तो कार्यहरू गर्नु पर्छ कारण यो धेरै अशुद्ध मानिसहरूमाझमा छ। " (लेबी १६:१६)।

**इस्रायलीहरूले बलिहरूबाट क्षमा पाएतापनि तिनीहरूका दोष पवित्रस्थानमा सरेको हुन्थ्यो। त्यसकारण, त्यो स्थानको शुद्धिकरण गर्नु आवश्यकता थियो। यो पश्चात्तापको दिनमा गरिन्थ्यो। अहिले पनि हिब्रूहरू वा यहूदीहरूमा डे अभ आटोनमेन्ट वा न्यायको दिन भन्ने प्रचलित छ।**



**प्रत्येकले आफ्नो पापको निम्ति आफैलाई कष्ट दिनुपर्थ्यो (लेबी २३:२७))**



धार्मिक विधिसँग नमिल्ने कुनै पनि क्रियाकलाप गर्नुहुँदैनथ्यो (लेबी २३:२८))



**प्रधानपुजारी परमेश्वरको सामु उपस्थित हुन्थे (लेबी १६:१६-१३)**



त्यसबेला परमेश्वरको पवित्र सन्दुक, पर्दा र सुनको बेदीमा बोकाको रगतले सफा गर्नुपर्थ्यो (लेबी १६:१५-१९,३३)



**अर्को जीवित बोकोले पापहरू बोकेर उजाडस्थानमा छोडिन्थ्यो (लेबी १६:२०-२२)**



अनि तिनीहरू अन्तमा पापबाट शुद्ध वा हुन्थे वा सफाया पाउँथे (लेबी १६:३०)

यदि त्यस दिनमा कसैले आफ्नो पापबाट पश्चात्ताप गरेन भने उसलाई समाजबाट बहिष्कार गरिन्थ्यो (लेबी २३:२९-३०)। उसको भविष्य त्यस दिन निर्धारण गरिसकेको हुन्थ्यो। जब स्वर्गमा भएको पवित्रस्थानको शुद्धिकरण हुन्छ हाम्रो भविष्य पनि सदाको निम्ति निर्धारण भइसकेको हुन्छ। त्यसकारण, अहिले नै हामी बाँचिरहेको समयमा हाम्रा पापबाट हामी पश्चात्ताप गर्नुपर्छ। आज नै निर्णय गर्ने दिन हो (हिब्रू ३:१४-१५)।

# न्यायको समय



"त्यो स्वर्गदूतले ठूलो आवाजमा भन्यो, “परमेश्वरको भय राख अनि उहाँको स्तुति गर। सबै मानिसहरुको न्याय गर्ने परमेश्वरको समय आएको छ। परमेश्वरको उपासना गर, जसले स्वर्ग, पृथ्वी, समुद्र अनि जल श्रोत सृष्टि गर्नुभयो।” (प्रकाश १४:७)।



भविष्यवाणी अनुसार स्वर्गमा भएको पवित्रस्थानको शुद्धिकरण वा न्यायप्रणाली सन १८४४मा सुरु भएको थियो। त्यही समयदेखि एडभेन्टिस्ट चर्चले न्यायको समय आइपुगेको छ भनेर ठुलो स्वरले घोषणा गरिरहेको छ। सबैलाई परमेश्वरको आराधना गर र दश आज्ञा अनुसार जीवन बिताउ भनेर एडभेन्टिस्ट चर्चले आह्वान गरिरहेको छ।





**तर के येशू आउनुहुँदा को धर्मी को पापी भनेर न्याय गरिनेछैन र (२ तिमोथी ४:१; १ इतिहास १६:३३)?**

जब येशू फर्किनुहुन्छ तब उहाँले फैसला गरिसक्नुभएको न्यायलाई कार्यान्वयन गर्नुहुनेछ। मानिसको काम अनुसार इनाम दिन उहाँ आउनुहुनेछ (प्रकाश २२:१२)। उहाँले उहाँका स्वर्गदूतहरूलाई उहाँले चुन्नुभएकोलाई जम्मा गर्न पठाउनुहुनेछ (मत्ती २४:३१); र उहाँलाई विश्वास गर्नेहरूलाई उहाँले पुनरुत्थान गर्नुहुनेछ (१ थेस्सोलिनिकी ४:१६)। परमेश्वरलाई विश्वास नगर्ने अर्थात् दुष्टहरूको पुनरुत्थान येशू आउनुहुँदा हुनेछैन। त्यसकारण तिनीहरूको न्यायिक फैसला त्यस दिन हुनेछैन (प्रकाश २०:४-५)।

# दया र न्याय

" त्यसपछि दाऊदको घरानाबाट एकजना नयाँ राजा आउनेछन्। उनी देशभक्त, मायालु र कृपालु हुनेछन्। यी राजाले निष्पक्ष न्याय गर्नेछन्। उनले ती कुराहरू मात्र गर्नेछन् जुन राम्रो र सही हुन्।" (यशैया १६:५)।

परमेश्वरको सन्दुकभित्र रहेको दश आज्ञाकै आधारमा न्याय हुन्छ। यो परमेश्वरको न्याय जाँच्ने यन्त्र हो (उपदेशक १२:१२-१४)। दश आज्ञा र परमेश्वरको बिचमा रहेको दयाको आशनले उहाँको दयालाई दर्शाउँछ (१ यूहन्ना २:१-२)।



**उहाँले आफ्नै रगत अग्नी बेदीमा छर्किनुहुन्छ**



स्वर्ग जाने बाटो येशूलाई विश्वास गरेपछि सुरु हुन्छ

**उहाँको रगत धुपको बेदीमा छर्किन्छ**



यस जीवनमा हामी बाँचुन्जेल ख्रीष्टसँग सम्बाद जारी हुन्छ

**उहाँको रगत पवित्र सन्दुकको बिचमा भएको पर्दामा छर्किन्छ**



यसले न्यायकर्ताको सामु हाम्रो मामिला पेस गरिसकेको भनेर निश्कर्ष हुन्छ




न्यायले दश आज्ञाको विधिमा चल्नुपर्छ भनेर देखाउँदछ। दयाले येशूको सिद्ध जीवनलाई स्वीकार्दछ। हाम्रो जीवनलाई उहाँको जीवनले ढाकिदिन्छ (१ पत्रुस १:१८-१९)। "यदि हामीमा परमेश्वरको परिपक्क प्रेम भए तब त्यो दिन जब उनी जाँचकोलागि आउनु हुन्छ हामीमा डर रहने छैन कारण यो संसारमा उहाँ हामी जस्तै हुनुहुन्छ।" (१ यूहन्ना ४:१७)।

# अधिवक्ता र मध्यस्थकर्ता

**"यसैले जो पनि उहाँको मार्फत परमेश्वरकहाँ आउँछन् ख्रीष्टले तिनीहरूलाई बचाउनु हुन्छ। ख्रीष्टले यो सदाकाल गर्नसक्नु हुन्छ, जो परमेश्वरकहाँ आउँछ उहाँले सधैं तिनीहरूका निम्ति मध्यस्थ गर्नुहुन्छ।" ( हिब्रू ७:२५)।**


आवश्यक संसार र हेरिरहेका सारा जगत ब्रम्हाण्डको सामु येशूले परमेश्वरको प्रेम प्रकट गर्नुभएको थियो। उहाँको मृत्युले पापको ज्यादतीलाई प्रकट गरेको थियो र सबै मानव प्राणीको निम्ति मुक्ति उपलब्ध गराउनुभएको थियो। उहाँले स्वर्गको पवित्रस्थानमा गर्नुभएको पहलले उहाँको पश्चात्तापको विधिको फाइदा प्रत्येकलाई उपलब्ध गराएको छ जसले उहाँलाई विश्वासद्वारा ग्रहण गर्दछ।







**अहिले न्यायको समय भइरहेको हुनाले यस समय येशू हाम्रो अधिवक्ता भइरहनुभएको छ (१ यूहन्ना २:१)।**





स्वर्गमा भइरहेको पवित्रस्थानमा येशूको कामले हामीलाई यो सिकाउँदछ कि

- मुक्तिको योजना बुझ्न स्पष्ट पारेको छ
- परमेश्वारको व्यवस्था वा दश आज्ञाका मागहरू
- हाम्रो मुक्तिको निम्ति तिरेको अनन्त वा अनमोल
- येशू ख्रीष्टले नै हामीलाई पिताकहाँ पुऱ्याउने बाटो तयार पार्नुभएको छ
- परमेश्वरकहाँ हामी विश्वस्त भएर आउन सक्ने भएका छौं

**छिटै न्यायको समय सकिनेछ र येशू दोस्रो पल्ट पाप बोक्न होइन तर उहाँलाई पर्खिरहेनेहरूका निम्ति मुक्ति दिन (हिब्रू ९:२८)।**

जब न्यायको समयमा लेखाका पुस्तकहरू खोलिन्छ तब येशूलाई विश्वास गर्ने सबै भक्तहरूका जीवन परमेश्वरको सामु देखा पर्दछ। यस संसारमा रहेका पहिला मानव प्राणीदेखिका युगको अन्तसम्म रहेका मानिसका मामिलाहरू हाम्रो अधिवक्ताले पेस गर्नुहुन्छ।

प्रत्येकको नाउँ देखा पर्नेछ। प्रत्येकलाई नजिकै छानबिन गरिनेछ। नाउँहरूलाई स्वीकार गर्ने कि अस्वीकार गर्ने सो निर्णय हुनेछ।

सबै जना जो इमान्दारी भएर आफ्नो पापको सही पश्चात्ताप गर्छ र विश्वासद्वारा येशूको रगत नै पश्चात्तापको बलि हो भनेर स्वीकार्दछ तब तिनीहरूका नाउँहरू स्वर्गको किताबमा लेखिनेछ। तिनीहरूले येशू ख्रीष्टको धार्मिकतामा सहभागी भएको ठहरिनेछ। तिनीहरूका चरित्रहरू परमेश्वरको व्यवस्था वा दश आज्ञासँग तालमेल भएको देखाउँछ। तिनीहरूका पापहरू मेटिने छ र तिनीहरू आफै अनन्त जीवनको निम्ति योग्य ठहरिएको महसुस गरिनेछ।

एलेन जी. ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ४८३।

"अहिले हामी पवित्रस्थानको बाहिरी परिसरमा उभिरहेका छौं। हामी धन्यको आशाको निम्ति प्रतिक्षा गर्दै हेरिरहेका छौं। हाम्रो मुक्तिदाता येशू ख्रीष्ट्को महिमित र तेजस्वीमय आगमनको प्रतिक्षामा छौं। हाम्रो अधिवक्ता हुनुभएर परमेश्वरसँग गर्ने पहलमा मानिसको कुनै गुण, धर्मकर्म, पुनित कामको आवश्यकता छैन। उहाँले मात्र हाम्रो पाप बोक्नुहुन्छ। उहाँ मात्र हाम्रो पापबलि हुनुहुन्छ। हामीले गर्ने प्रार्थना र पापको स्वीकार केवल उहाँलाई मात्र गर्नुपर्छ। उहाँ मात्र सबैंको निम्ति एकफेरा पवित्र स्थानमा पस्नुभएको थियो। पापको जतिसुकै पराकाष्टमा मानिस रहेतापनि विश्वासमा रहनेलाई उहाँले मुक्ति दिनुहुन्छ। उहाँ हाम्रो निम्ति सधैं बिन्ति गरिरहनुभएको छ।

एलेन जी. हवाइट, जिसस आवर आडभोकेट, नभेम्बर १।)